# "दैनिक कार्यको जानकारी"

## "राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा मानवसेवा आश्रम विराटनगरमा फलफूल वितरण कार्यक्रम सम्पन्न"

मितिः२०८१/११/०८ गते सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री पाँचकर्ण राई ज्यूको संयोजकत्वमा राष्ट्रिय प्रजातन्त्र दिवस २०८१/११/०७ गतेको सन्दर्भ पारेर फलफूल वितरण गर्ने भनी मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निर्णय समेत भएकाले विराटनगर ३ र ७ मा रहेको २ ओटै मानव सेवा आश्रममा माननीय मन्त्री ज्यू, सचिव श्री हेमराज तामाङ ज्यू लगायत मन्त्रालयका महाशाखा प्रमुखहरू र कर्मचारीको उपस्थितिमा फलफूल तथा खाजा खुवाउने कार्यक्रम सम्पन्न भयो । आश्रममा आफ्नो भनाई राख्दै माननीय मन्त्रीज्यूले सामाजिक विकास मन्त्रालय सहाराविहिन मानवहरूको छानाको रूपमा रही कार्य गर्ने मन्त्रालय रहेको र आगामी आ.व. मा सडक मानव मुक्त बनाई मानवको विकासमा सहयोग गर्न बजेट समेत विनियोजन गर्ने भनाई राख्नुभएको थियो ।




